राष्ट्रिय दलित आयोग
२०७५

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको प्रयोजनको लागि राष्ट्रिय दलित आयोगसँग सम्बन्धित २०७९ साल माघ, फाल्गुन र चैत्र महिना सम्मका विवरणहरु उपदफा (४) बमोजिम अद्यावधिक गरी प्रकाशन गरिएको छ।

(१) आयोगको स्वरुप र प्रकृति :- राष्ट्रिय दलित आयोग २०५८ सालमा गठन भई दलित समुदायको मानव अधिकार संरक्षण र सशक्तिकरण सम्बन्धी कार्य गर्दै आएको छ । नेपालको संविधान जारी हुँदा आयोगले संवैधानिक निकायको हैसियत ग्रहण गरेको हो । नेपालको संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको गठन र धारा २५६ मा आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ । यस आयोगमा एक अध्यक्ष र अन्य चार जना सदस्य रहने व्यवस्था रहेको छ । सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रिय दलित अयोगका अध्यक्ष र सदस्यको नियुक्ति हुने एवं अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने व्यवस्था रहेको छ । आयोगको कार्यक्षेत्र अन्तर्गत दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारिस गर्ने र जातीय छुवाछूत तथा विभेदको अन्त्य गर्न तर्जुमा भएका नीति तथा कार्यक्रम एवं दलित हितसँग सम्बन्धित कानून एवं कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन र मूल्यांकन गर्ने संवैधानिक र कानूनी व्यवस्था छ । दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने एवं दलितको हक प्रयोग गर्न नदिएको वा बञ्चित गरेको विषयमा प्राप्त उजुरी उपर छानविन गरी मुद्दा दायर गर्नु पर्ने देखिएमा महान्यायाधिवक्ता समक्ष सिफारिस गर्ने समेत आयोगको कार्य क्षेत्र भित्र पर्दछ । आयोगको कार्य संचालनको लागि नेपाल सरकारबाट तीस जना जनशक्ति रहने व्यवस्था गरिएको छ ।

(२) आयोगको काम, कर्तव्य र अधिकारहरु :-

(क) नेपालको संविधानको धारा २५६ राष्ट्रिय दलित आयोगको काम, कर्तव्य र अधिकार :

- दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषय पहिचान गरी नेपाल सरकारलाई सिफारीस गर्ने,
- जातीय छुवाछूत, उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हित सँग सरोकार राखे राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने,

- दलित समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसँग सम्वन्धित कानूनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनका लागि नेपाल सरकारलाई समक्ष सुझाव दिने,
- दलित समुदायको अधिकारसँग सम्बन्धित नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि वा सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदन तयारीका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,
- दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता सुनिश्चित गर्न मौजूदा नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्यांकन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- जातीय भेदभाव तथा छूवाछूत वा  सामाजिक कुरीतिबाट पीडित भएको वा दलितको हक प्रयोग गर्न नदिएको कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने ।

(ख) राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ मा उल्लेखित आयोगको काम, कर्तव्य र अधिकार :

- दलित समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूलयाङ्कन गर्ने,
- दलित समुदायको हक, हितको संरक्षण र सम्वर्द्धन तथा सो समुदायको सशक्तीकरणका लागि दलितसँग सम्भन्धित प्रचलित कानूनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यास्ता कानूनमा गर्नु पर्ने सुधारमा सम्वन्धमा नेपाल सरकारलाई सिफारीस गर्ने,
- दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धनतथा सो समुदायको सशक्तीकरणका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्ने,
- कुनै जात, जाति वा उत्पत्तिमा व्यक्ति वा समुदायको उच निच दर्शाउने, जात, जातिको आधारमा सामाजिक विभेद न्यायोचित ठहराउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचार, व्यवहार, अभ्यास वा जातीय भेदभाव, छुवाछूत वा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्दि गर्ने र त्यास्तो कार्यका लागि प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने,
- दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यसतो समुदायको सशक्तिकरणको लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- दलित समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्त्रराष्ट्रिय सन्धि-सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,
- दलित समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

राष्ट्रिय दलित आयोग
२०७५

- दलित समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणका लागि नेपालसरकार र अन्य संग संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूलयाङ्कन गर्ने,
- आयोगले गरेको सिफारिसको कार्यान्वयनको अवस्थाको अनुगमन गर्ने, गराउने,
- अध्यक्ष, सदस्य तथा आयोगका कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने वा गराउने,
- आयोगको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।


(३) आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण :-

<u>संगठनात्मक संरचना :</u>

एकनारायण अर्याल
सचिव

अनुसूची-१.१

राष्ट्रिय दलित आयोगको संगठन संरचना




नुवा : १. अध्यक्ष, सदस्यहरु र सचिवको सचिवालय तथा अन्य शाखामा रहने कर्मचारीहरु प्रशासन शाखाबाट खटाउन सकिने छ ।

२. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अनं. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

३. आयोगका पदाधिकारी/सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणीविहिन) प्रत्येक पदाधिकारी/सदस्यलाई १(एक)जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

४. आयोगका सदस्यहरु नियुक्ति भई पदावधि कायम रहँदासम्म आवश्यक पर्ने कार्यालय सहयोगी (श्रेणीविहिन)दुई (२) जना सदस्यलाई १(एक) जनाको दरले दरबन्दी रहने गरी करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

५. कम्प्युटर अपरेटर पद स्थायी पदपूर्ति नभएमा करार सेवाबाट पदपूर्ति गर्न सकिने छ ।

६. स्वीपर १ जनाको लागि बजेट व्यवस्था गरी सेवा करारबाट कार्यसञ्चालन गर्न सकिने छ ।

राष्ट्रिय दलित आयोग

२०७५

## दरबन्दी तेरिज (श्रेणी अनुसार)

| सि.नं. | पद | श्रेणी | सेवा | समूह/ उपसमुह | स्वीकृत दरबन्दी | पूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | रा.प. प्रथम | नेपाल प्रशासन | - | १ | १ | ० | |
| २ | उप-सचिव | रा.प. द्वितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | ० | |
| ३ | शाखा अधिकृत | रा.प. तृतीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | ० | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | नेपाल प्रशासन | लेखा | १ | १ | ० | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | - | १ | १ | ० | सेवा करार |
| ७ | ह.स.चा. | श्रेणी विहिन | - | - | २ | २ | ० | सेवा करार |
| ८ | का.स. | श्रेणी विहिन | - | - | ३ | ३ | ० | सेवा करार |
| | जम्मा | | | | १३ | १२ | १ | |

(४) आयोगबाट भएका मुख्य-मुख्य निर्णय तथा कार्यहरुको विवरण :

१. नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्माण गरेको संघीय निजामती सेवा ऐनको मस्यौदामा दलितहरुको जनसंख्याको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्वको आधारमा पदपूर्ति हुने अवस्था सुनिश्चित गराउनको लागी श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरिएको ।

राष्ट्रिय दलित आयोग
२०७५

२. संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालय अन्तरगत रहेको नेपाल पञ्चांक निर्णायक समितिबाट स्वीकृति लिई प्रकाशन हुने सम्पूर्ण समाग्रीहरुमा जातीय छुवाछूत तथा विभेद अन्त्यका लागी श्री संस्कृति, पर्यटन तथा नागरिक उडयन मन्त्रालयलाई सिफारिस गरिएको ।

३. यू.एन.डि.पी.को आर्थिक सहयोग तथा समन्वयमा नगरकोटमा प्रतिनिधि सभा, राष्ट्रिय सभाका दलित सांसदज्युहरुलाई कानुन निर्माण, दलित थर सूचिकरण तथा व्यवसाय तथा मानव अधिकार विषयक अन्तर्क्रिया कार्यक्रम गरिएको ।

४. प्रकाश नेपालीको उत्प्रेषण तथा परमादेश सहितको रिट निवेदनको सम्बन्धमा सम्मानित श्री सर्वोच्च अदालतबाट मिति २०७७।१२।०६ को आदेश कार्यान्वयनको सम्बन्धमा यस आयोगको सहकारीता र समन्वयमा संयन्त्र गठन गरी दलित हक अधिकारको कार्यान्वयन गर्न सम्मानित श्री सर्वोच्च अदालतको आदेश कार्यान्वयन गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव पेश गरिएको ।

५. ५८औ अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा यहि मिति २०७९।१२।०६ गते यस आयोगको कार्यालयमा दलित समूदायका संघीय सांसदज्यूहरु, आयोगका पूर्व पदाधिकारीहरु, दलित अधिकारकर्मी तथा वुद्धिजिवीहरुको सहभागीतामा शुभकामना आदानप्रदान गरी मनाइएको ।

६. ५८औ अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको अवसरमा यहि मिति २०७९।१२।०७ गते यस आयोगको अनुरोधमा श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दरसञ्चार प्राधिकरणको सहयोगमा श्री नेपाल दूरसंचार कम्पनी लिमिटेड मार्फत जातीय भेदभाव तथा छुवाछूत विरुद्धको सचेतनामूलक सन्देश निशुल्क प्रशारण भएको ।

७. राष्ट्रिय दलित आयोग ऐन, २०७४ को दफा ३ (घ) मा जातीय भेदभाव, छुवाछूत, तथा सामाजिक कुरीति विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने र त्यस्तो कार्यका लागी प्रचार प्रसार सामग्री तयार गरी वितरण गर्ने भन्ने व्यवस्था भएको र यस आयोगको प्रमुख कार्यमा जातीय भेदभाव तथा छुवाछूत विरुद्ध सामाजिक सचेतना अभिवृद्धि गर्ने एक महत्वपूर्ण कार्य भएकोले सो सम्बन्धमा सचेतनामूलक सन्देश राखि नयाँ वर्ष २०८० सालको वार्षिक भित्ते पात्रो (क्यालेण्डर) छपाई गरी वितरण गरिएको ।

८. थर सूचीकरण सम्बन्धमा यस आयोगको कार्यालयमा दलित समूदायका संघीय सांसदज्यूहरु, आयोगका पूर्व पदाधिकारीहरु, पार्टीका दलित भातृ संघ/संगठनका प्रमुख तथा प्रतिनिधिहरु, दलित अधिकारकर्मी, वुद्धिजिवी तथा सरोकारवालाहरुसँग सुझाव संकलन सम्बन्धी कार्यक्रम गरि सुझाव संकलन गरिएको ।

राष्ट्रिय दलित आयोग
२०७५

९. यस आयोगका पदाधिकारीज्यूहरुबाट दाङ्ग, कपिलबस्तु, मनाङ्ग, मुस्ताङ, बाग्लुङ्ग, गोरखा, कास्की, स्याङ्जा, तनँहु गरी विभिन्न जिल्लाका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र विभिन्न स्थानीय तहहरुमा अनुगमन तथा अन्तर्क्रिया गरिएको । साथै पदाधिकारीज्यूहरुबाट सिराहा र पर्सा लगायत विभिन्न जिल्लामा घटेका जातीय छुवाछूत तथा विभेद र दलित अधिकार हननका घटनाहरुको अनुगमन गरिएको ।

१०. यस आयोगका माननीय सदस्य श्री सुन्दर पुर्कुटीज्यूबाट गण्डकी प्रदेशका प्रदेश प्रमुखज्यू समक्ष आयोगको आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन पेश गर्नुभएको ।

**(५) प्रशासन तथा योजना शाखाबाट सम्पादन भएका कार्यहरुको विवरण :**

१. आयोगका कर्मचारी प्रशासन र सामान्य प्रशासन सम्बन्धी कार्य ।
२. आयोगको जनशक्ति योजना र व्यवस्थापन सम्बन्धी कार्य ।
३. आयोगका लागि आवश्यक परेका सामग्रीहरुको आपूर्ति तथा व्यवस्थापन सम्बन्धी कार्य ।
४. जनसम्पर्क, सोधपुछ, गुनासो व्यवस्थापन र दर्ता चलानी सम्बन्धी कार्य ।
५. कर्मचारीहरुको कार्य विवरण सम्बन्धी कार्य ।
६. आगामी आ.व. २०८०/८१ को लागी बजेट तथा कार्यक्रम तयार सम्बन्धी कार्य ।

**(६) अधिकार प्रवर्द्धन तथा सशक्तिकरण शाखाबाट सम्पादन भएका कार्यहरुको विवरण :**

१. दलित जातीय/थर सूचिकरण सम्बन्धी कार्य,
२. आयोगमा परेका निवेदन/उजुरी तथा विभिन्न सञ्चार माध्यम एवं अन्य कुनै माध्यमबाट प्राप्त दलित समुदायसँग सम्बन्धित घटनाका सम्बन्धमा सम्बन्धित निकायमा पत्राचार सम्बन्धी कार्य,

**(७) आर्थिक प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरुको विवरण :**

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं: [illegible]

खर्चको फाँटवारी

[illegible] महिनाको

राष्ट्रिय दलित आयोग

२०७५

म. ले. प. फा. न. २१०

**आर्थिक बर्ष:-** २०७९/८०

**बजेट उपशीर्षक :** राष्ट्रिय दलित आयोग|२२४०००११३|

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ५,३००,०००.०० | ०.०० | ३,०२४,३२६.०० | ३८७,८२७.४० | ३,४१२,१५३.४० | ०.०० | ३,४१२,१५३.४० | १,८८७,८४६.६० |
| २११२१ | पोशाक | १००,०००.०० | ०.०० | ०.०० | ७०,०००.०० | ७०,०००.०० | ०.०० | ७०,०००.०० | ३०,०००.०० |
| २११३२ | महंगी भत्ता | २००,०००.०० | ०.०० | १००,०००.०० | १४,०००.०० | ११४,०००.०० | ०.०० | ११४,०००.०० | ८६,०००.०० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २११३९ | अन्य भत्ता | १००,०००.०० | ०.०० | ५,६००.०० | ०.०० | ५,६००.०० | ०.०० | ५,६००.०० | ९४,४००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १००,०००.०० | ०.०० | २०,०००.०० | २,८००.०० | २२,८००.०० | ०.०० | २२,८००.०० | ७७,२००.०० |
| २२१११ | पानी तथा बिजुली | ३००,०००.०० | ०.०० | १३०,०९०.०० | ८५,१००.०० | २१५,१९०.०० | ०.०० | २१५,१९०.०० | ८४,८१०.०० |
| २२११२ | संचार महसुल | ४००,०००.०० | ०.०० | १९३,८७०.०० | ६१,०००.०० | २५४,८७०.०० | ०.०० | २५४,८७०.०० | १४५,१३०.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ८००,०००.०० | ०.०० | ५२३,९५१.०० | ८५,६७०.०० | ६०९,६२१.०० | १००,०००.०० | ५०९,६२१.०० | १९०,३७९.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ४००,०००.०० | ०.०० | १७६,६३३.०० | ११,०४५.०० | १८७,६७८.०० | ०.०० | १८७,६७८.०० | २१२,३२२.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० | ३००,०००.०० | ०.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३००,०००.०० | ०.०० | ६९,४५०.०० | १९,४००.०० | ८८,८५०.०० | ०.०० | ८८,८५०.०० | २११,१५०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,८००,०००.०० | ०.०० | ४११,१९२.५० | १८१,७५३.०० | ५९२,९४५.५० | १०,०००.०० | ५८२,९४५.५० | १,२०७,०५४.५० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,०००.०० | ०.०० | ७१,९२२.०० | ७,९५०.०० | ७९,८७२.०० | ०.०० | ७९,८७२.०० | २०,१२८.०० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १००,०००.०० | ०.०० | ०.०० | ३५,०००.०० | ३५,०००.०० | ०.०० | ३५,०००.०० | ६५,०००.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | २००,०००.०० | ०.०० | ५१,८३१.०० | ३१,२४३.०० | ८३,०७४.०० | ०.०० | ८३,०७४.०० | ११६,९२६.०० |
| २२४११ | सेवा र परामर्श खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | ६,४००,०००.०० | ०.०० | ४,८६३,३८६.०० | ६९८,१७४.०० | ५,५६१,५६०.०० | ०.०० | ५,५६१,५६०.०० | ८३८,४४०.०० |
| २२५२२ | कार्यक्रम खर्च | १,४००,०००.०० | ०.०० | ७९०,०००.०० | ०.०० | ७९०,०००.०० | ६५०,०००.०० | १४०,०००.०० | ६१०,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ६००,०००.०० | ०.०० | २८५,७७५.०० | ३१,२५०.०० | ३१७,०२५.०० | ०.०० | ३१७,०२५.०० | २८२,९७५.०० |
| २२६१२ | भ्रमण खर्च | ३००,०००.०० | ०.०० | ६२,२००.०० | २८,७५०.०० | ९०,९५०.०० | ०.०० | ९०,९५०.०० | २०९,०५०.०० |
| २२७११ | विविध खर्च | ६००,०००.०० | ०.०० | १९८,५९०.०० | ९०,०७०.०० | २८८,६६०.०० | ०.०० | २८८,६६०.०० | ३११,३४०.०० |
| २८१४२ | घर भाडा | ३,३००,०००.०० | ०.०० | १,९२६,३७५.०० | ५५०,०००.०० | २,४७६,३७५.०० | ०.०० | २,४७६,३७५.०० | ८२३,६२५.०० |
| २८१४९ | अन्य भाडा | १००,०००.०० | ०.०० | ०.०० | ५६,०००.०० | ५६,०००.०० | ०.०० | ५६,०००.०० | ४४,०००.०० |
| | कुल जम्मा | २३,४००,०००.०० | ०.०० | १३,२०५,१९१.५० | २,४४७,०३२.४० | १५,६५२,२२३.९० | ७६०,०००.०० | १४,८९२,२२३.९० | ७,७४७,७७६.१० |

अन्तिम बजेटको तुलना ( %प्रतिशतमा )

तयार गर्नेको दस्तखत:

नाम:

दर्जा:

मिति:

सचिव

प्रमाणित गर्नेको दस्तखत:

नाम:

दर्जा:

मिति:

राष्ट्रिय दलित आयोग

कार्यालय कोड नं. २२४००[illegible]

खर्चको फाटवारी

चैत्र महिनाको

राष्ट्रिय दलित आयोग

२०७५

म. ले. प. फा. नं. २१०

**आर्थिक बर्ष:-** २०७९/८०
**बजेट उपशीर्षक :** राष्ट्रिय दलित आयोग(२२४००००१३)

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११२ | पारिश्रमिक पदाधिकारी | ४,८००,०००.०० | ०.०० | ३,८२१,१४२.२० | ४२४,८६२.९० | ४,२४६,००५.१० | ०.०० | ४,२४६,००५.१० | ५५३,९९४.९० |
| २११२१ | पोशाक | १००,०००.०० | ०.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० | ०.०० | ५०,०००.०० | ५०,०००.०० |
| २११२३ | औषधी उपचार खर्च | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २११३२ | महंगी भत्ता | १००,०००.०० | ०.०० | ८०,०००.०० | १०,०००.०० | ९०,०००.०० | ०.०० | ९०,०००.०० | १०,०००.०० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ७००,०००.०० | ०.०० | ७४,०००.०० | ११०,०००.०० | १८४,०००.०० | ०.०० | १८४,०००.०० | ५१६,०००.०० |
| २२१११ | पानी तथा बिजुली | १००,०००.०० | ०.०० | ३२,०००.०० | ४,०००.०० | ३६,०००.०० | ०.०० | ३६,०००.०० | ६४,०००.०० |
| २२११२ | संचार महसुल | १००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १००,०००.०० |
| २२२११ | इन्धन (पदाधिकारी) | १,१००,०००.०० | ०.०० | ८४७,४००.०० | १२६,७००.०० | ९७४,१००.०० | ०.०० | ९७४,१००.०० | १२५,९००.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५००,०००.०० | ०.०० | २७२,४६३.८९ | ५८,६२०.०० | ३३१,०८३.८९ | ०.०० | ३३१,०८३.८९ | १६८,९१६.११ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ५००,०००.०० | ०.०० | ३४६,७७०.०३ | २०,१६०.०० | ३६६,९३०.०३ | ०.०० | ३६६,९३०.०३ | १३३,०६९.९७ |
| २८१४२ | घर भाडा | १,१००,०००.०० | ०.०० | ५४०,०००.०० | ७२,०००.०० | ६१२,०००.०० | ०.०० | ६१२,०००.०० | ४८८,०००.०० |
| | कुल जम्मा | ९,२००,०००.०० | ०.०० | ६,०१३,७७६.१२ | ८७६,३४२.९० | ६,८९०,११९.०२ | ०.०० | ६,८९०,११९.०२ | २,३०९,८८०.९८ |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखत:

नाम:

दर्जा:

मिति:

सचिव

प्रमाणित गर्नेको दस्तखत:

नाम:

दर्जा:

मिति:

राष्ट्रिय दलित आयोग
२०७५

आयोगको सचिव र सूचना अधिकारीको नाम, थर र पद :



कृष्ण प्रसाद सापकोटा
सचिव

भोजराज श्रीपाइली
शाखा अधिकृत/सूचना अधिकारी

ऐन, नियम, नीति, निर्देशिका, कार्यविधि, मापदण्डहरुको सूची :

(क) ऐनहरुको सूची :

- राष्ट्रिय दलित आयोग ऐन, २०७४
- जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८

(ख) नियमावलीहरुको सूची :

- जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) नियमावली, २०७४

(ग) नीतिहरुको सूची : (संवैधानिक आयोगका रुपमा स्थापना हुनुपूर्व जारी)

-लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७१
- मानव संसाधन विकास नीति, कार्यनीति र कृयाकलाप, २०७०

(घ) निर्देशिकाहरुको सूची :

- राष्ट्रिय दलित आयोगको आचारसंहिता, २०७८
- राष्ट्रिय दलित आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८
- राष्ट्रिय दलित आयोगको उजुरी (व्यवस्थापन) निर्देशिका, २०७८
- राष्ट्रिय दलित आयोगको अनुगमन निर्देशिका, २०७८

राष्ट्रिय दलित आयोग
२०७५

(ङ) कार्यविधिहरुको सूची :

-जातीय भेदभाव र छुवाछूत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७३ (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी)

- राष्ट्रिय दलित आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

(च) मापदण्डहरुको सूची :

- विज्ञ/विशेषज्ञ सूचिकरण (रोष्टर) सम्बन्धी मापदण्ड, २०७८

मिति २०८० वैशाख १४ गते ।